
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

…तुर्दशी, नेपाल संवत् ११४६ | SATURDAY, JANUARY 17, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# गगनको काँधमा कांग्रेस



युवा नेता गगन थापाको काँधमा मुलुकको सबैभन्दा पुरानो र ठूलो दल कांग्रेसको जिम्मेवारी आएको छ । निर्वाचन आयोगले थापालाई मान्यता दिएपछि कांग्रेसमा नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको मुद्दाले सार्थकता पाएको छ । यद्यपि, शेरबहादुर देउवा पक्षले अदालत जाने बताएकाले अन्तिम निर्णय भने बाँकी नै छ ।

**राधा खनाल** | *काठमाडौं*

'कसैले मेरो अधिकार खोस्छ भने म डराएर भाग्ने काँतर होइन ।'

**गगन थापा**
सभापति, नेपाली कांग्रेस

समाचार पृष्ठ २

टिप्पणी

## अबको चुनावी तालमेल कस्तो ?

**कमलदेव भट्टराई** | *काठमाडौं*

सबैभन्दा ठूलो राजनीतिक दल नेपाली कांग्रेस दुई चिरामा विभाजित भएपछि त्यसले आगामी चुनावी तालमेलमा समेत असर गर्ने देखिएको छ। निर्वाचन आयोगले विशेष महाधिवेशन आयोजना गर्ने गगन थापा समूहलाई आधिकारिक कांग्रेसको मान्यता दिएको छ। कांग्रेस विभाजनको असर चुनावी तालमेलमा मात्र होइन्, निर्वाचनपछिको सत्तासमीकरणमा समेत पर्नेछ।

विशेषत २०७४ सालको निर्वाचनपछि तिनै तहमा प्रमुख दलहरूबीचमा चुनावी गठबन्धन तथा तालमेल भइरहेको छ। २०७४ सालमा एमाले र माओवादीबीच समीकरण हुँदा कांग्रेसले प्रत्यक्षमा २३ र समानुपातिकमा ४० गरी जम्मा ६३ सिट मात्र प्राप्त गरेको थियो, जुन प्रमुख प्रतिपक्षको हैसियत प्राप्त गर्नसमेत अपर्याप्त थियो।

२०७९ को निर्वाचनमा माओवादीसँग तालमेल गरेर कांग्रेसले आफूलाई सबैभन्दा ठूलो दलका रूपमा स्थापित गर्‍यो तर एकपटक पनि सरकारको नेतृत्व भने गर्न पाएन। माओवादी र कांग्रेसको गठबन्धनकै बीचमा एमाले भने ८० सिटको हाराहारीमा दोस्रो प्रमुख दल बन्न सफल भयो। तर, ३२ सिट मात्र भएको नेकपा माओवादी सत्तासमीकरणमा जहिले पनि निर्णायक बन्यो। विगतको दुई निर्वाचनमा क्रमशः एमाले र कांग्रेससँग चुनावी गठबन्धन गरेर माओवादी तेस्रो दलका रूपमा रहिरहन सफल भयो।

कांग्रेसमा विभाजन आउनुभन्दा अगाडि एक परिदृश्य थियो। पार्टीका युवा नेताहरूले नमाने पनि कांग्रेसको संस्थापन पक्ष एमालेसँग घोषित रूपमा चुनावी गठबन्धन गरेको घोषणा नगर्ने तर अन्तिममा चुनावी तालमेल गर्ने पक्षमा थियो। तर, नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहालको भारत भ्रमणपछि गठबन्धनको सवालमा केही फेरबदलको संकेत देखिएको थियो। दाहालको भारत भ्रमणपछि कांग्रेस र माओवादीबीच चुनावी गठबन्धनको वार्ता सुरु भएको थियो। अब यो वार्ता तत्काललाई अगाडि बढ्ने देखिँदैन।

तर, देउवा र ओलीबीच कांग्रेस र एमालेलाई किनारा लगाउन 'अदृश्य शक्ति' लागेका कारण त्यसलाई मिलेर सामना गर्ने र चुनावी गठबन्धन गर्ने सहमति भएको थियो। त्यसैले यतिबेला कांग्रेस विभाजनबाट सबैभन्दा बढी चिन्तित एमाले देखिन्छ। एमाले र देउवा दुवैले कांग्रेसको विभाजनलाई सहज र नियमित प्रक्रियाका रूपमा मात्र बुझेका छैनन्।

> अब कांग्रेस विभाजनपछि सम्भावित चुनावी तालमेल कस्तो होला ? गगनकुमार थापाको समूहले आधिकारिक कांग्रेसको मान्यता पाएका कारण अब एमालेसँग चुनावी तालमेल कठिन भएको छ ।

ओलीले बिहीबार एक सार्वजनिक कार्यक्रममा भने, 'कांग्रेस पार्टीमा अहिले जे भएको छ, हाम्रो पार्टीमा त्यही गर्न खोजेका थिए।' तर, कसले गर्न खोजिरहेको छ, उनले सार्वजनिक रूपमा भनेका छैनन्। कांग्रेस र एमालेभित्र विशेषतः नयाँ राजनीतिक दलहरूसँग प्रतिपर्स्धा गर्न दुई दल मिल्नुपर्ने मत बलियो हुँदै गएको थियो। कांग्रेसका नेताहरूको गगनकुमार थापा र विश्वप्रकाश शर्माप्रति निरन्तर विरोध थियो।

» बाँकी पृष्ठ ६

## दक्षिण कोरियाका पूर्वराष्ट्रपति युनलाई ५ वर्ष जेल सजाय

**सियोल** (एजेन्सी) : पदच्युत गरिएका दक्षिण कोरियाका राष्ट्रपति युन सुक-योललाई अदालतले पाँच वर्ष कैद सजाय सुनाएको छ। उनलाई सन् २०२४ मा गरिएको असफल मार्सल ल घोषणासँग सम्बन्धित मुद्दामा अधिकार दुरुपयोग, न्याय अवरुद्ध र कागजात किर्ते गरेको अभियोगमा उक्त फैसला सुनाइएको हो। यो फैसला युनविरुद्ध दायर चारवटा मुद्दामध्ये पहिलो हो। उनको मार्सल ल घोषणाले देशभर राजनीतिक उथलपुथल मच्चाएको थियो। सांसदहरू राष्ट्रियसभामा हतारिँदै पुगेर निर्णय उल्ट्याएपछि व्यापक प्रदर्शनसमेत भएको थियो।

शुक्रबार फैसला सुनाउँदै न्यायाधीशले युनका कदमले देशलाई राजनीतिक संकटमा धकेलेको र उनले कुनै पनि पश्चाताप नदेखाएको टिप्पणी गरे। यस फैसलाले बाँकी मुद्दाहरूको दिशाबारे पनि संकेत गरेको छ। युनमाथि अधिकार दुरुपयोगदेखि निर्वाचन कानुन उल्लंघनसम्मका अभियोग छन्। सबैभन्दा गम्भीर अभियोग विद्रोहको हो, जसका लागि अभियोजकहरूले मृत्युदण्डको माग गरेका छन्। उक्त मुद्दाको फैसला फेब्रुअरीमा आउने अपेक्षा गरिएको छ।

फैसलाका बेला करिब एक सय जना युनका समर्थकहरू अदालत बाहिर जम्मा भएर ठूलो स्क्रिनमा प्रत्यक्ष प्रसारण हेरिरहेका थिए। केहीले 'युन, फेरि! कोरियालाई फेरि महान् बनाऔं' लेखिएको रातो ब्यानर बोकेका थिए। फैसला सुनाउँदा केहीले न्यायाधीशतर्फ चिच्याएका थिए भने केही गम्भीर देखिन्थे। अभियोजकहरूले १० वर्ष कैद सजाय माग गरेका थिए।

## भित्री पृष्ठ



...जहाँ साढे चार शताब्दीदेखि न्याय बाँचिरहेछ ! - पृष्ठ ३



त्यो धर्म जसले संसार चलाउँछ - पृष्ठ ४

## जीवनसाथी त्यागेर 'एस्कर्ट' जीवनशैली

**जे पाण्डे** | *सिड्नी (अस्ट्रेलिया)*

अस्ट्रेलियाकी अमान्डा गोफ, एक शिक्षित, आत्मनिर्भर र साहसी महिला हुन्। उनी एउटै जीवनशैलीमा सीमित रहन अस्वीकार गर्छिन्। समयसँगै जीवनका धेरै तह र रूपहरू जिउने साहस उनले गरिन्।

कलम समात्ने हातले समाचार लेख्यो। कहिले उही हातले आफ्नै नियतिलाई नयाँ नाम दियो। पत्रकार, लेखक, आमा र समाजले चुपचाप हेर्ने तर बोल्न नचाहने अर्को पहिचान 'एस्कर्ट' अर्थात् साथ दिने सहयात्री। उनी त्यो मार्गमा गइन्। फेरि फर्किइन् र फेरि प्रेमको यात्रामा निस्किएकी छन। अरूको साथ दिँदा भत्किएको मन बोकेर पनि आशाको ढोका कहिल्यै बन्द नगर्ने साहससहित।

मानिसको जीवनमा कति रोमाञ्चक, कति कठोर र कति हृदयविदारक मोडहरू आउँछन् ? अमान्डा गोफ त्यसैको उत्तर हुन्। उनी आधुनिक समाजकी ज्वलन्त उदाहरण पनि हुन्। उनको जीवन कुनै सीधा रेखा होइन। यो त एउटा पुस्तक हो, जहाँ हरेक पानामा फरक कथा लेखिएको छ। पीडा, विद्रोह, प्रेम र पुनर्जन्मका अक्षरहरूमा।

जवानी र सुन्दरताको त बयान आवश्यक नै छैन। ज्ञान, सीप र क्षमतामा पनि उनी कम थिइनन्। अरूलाई असल बाटो देखाउने मार्गदर्शक, आफैं सफल करिअरको उचाइमा उभिएकी महिला हुन्।

मायालु पति, दुई सुन्दर सन्तान र रंगीन सपनाले फक्रिएको पारिवारिक फूलबारी। जीवनमा कमी भन्ने शब्द नै थिएन। तर विशाल महादेशको व्यस्त सहरमा पत्रकारिताको दौडधुपसँगै अमान्डाको मनमा बिस्तारै एक किसिमको 'दिक्दारी छायो' उनी स्वयम् भन्छिन्।







अस्ट्रेलियाकी पूर्वचर्चित एस्कर्ट अमान्डा गोफ (बायाँ) र अन्य देशका एस्कर्टहरू ।

सबै कुरा हुँदाहुँदै पनि अपूर्णताको अनुभूति बढ्दै गयो। ३९ वर्षको उमेरमा जीवनले एकाएक मोड लियो। पुरानो बाटो छोडेर नयाँ यात्रामा निस्किने निर्णय गरिन्। त्यो निर्णय थियो, उच्चस्तरीय एस्कर्ट जीवनशैली अपनाउने र कुनै पनि पुरुषको साथी भैदिने। यो सजिलो फैसला थिएन। माया गर्ने पति, आफ्नै काखमा हुर्केका दुई सन्तान। सबैलाई पछाडि छोड्ने कठोर निर्णय गरिन्। अनि यस्तो जीवनशैलीसँगै उनले आफ्नो नाम परिवर्तन गरिन्। अनि अमान्डा गोफ होइनन्, उनी बनिन् सामन्था एक्स। त्यसपछि सुरु भयो संसारभर फैलिएको एउटा फरक यात्रा। निश्चित पारिश्रमिक लिएर अपरिचित पुरुषसँग समय बिताउने। सँगै खानु, बस्नु, हाँस्नु, साथीको रूपमा संसार घुम्नु।

अस्ट्रेलियासहित पश्चिमी देशका ठूला सहरमा 'एस्कर्ट' जीवनशैली नै बनेको छ। कुनै व्यक्तिसँग कुनै कार्यक्रम जानु, खानु, कतै टाढाको यात्रामा निस्कनु, सामाजिक भेटघाटमा साथ दिनुजस्ता विशेषताहरू हुन्छन्। यौन सेवा अनिवार्य हुँदैन। तर महिलामा निर्भर रहन्छ। अमान्डा यही मार्गका छलांग मार्ने हजारौंमध्येकी एक हुन्। यो कथा केवल एक महिलाको व्यक्तिगत छनोटमात्र होइन। यो आधुनिक समाज, मानसिक द्वन्द्व र जीवनका अनपेक्षित मोडहरूको प्रतिविम्ब पनि हो। उनी भन्छिन्, 'पुरुषप्रति म लतमा थिएँ। यदि कुनै पुरुषले डिनर र राम्रो संगतका लागि मलाई पाँच हजार पाउन्ड तिर्न चाहन्छ भने, त्यसमा आपत्ति किन?'

यस्तै सोचले उनको जीवनशैली मोडियो। अहिले यस्तो जीवनशैलीबारे उनी केही पनि लुकाउन चाहन्नन्। एक घण्टाको समयका लागि करिब ६५० डलरसम्म लिने गरेको उनी बताउँछिन्।

ग्राहकको मागअनुसार रातभरको दर पनि निर्धारण गर्थिन्। वर्षौंसम्म लुकेको यो रहस्य अन्ततः उनले स्वयं सार्वजनिक गरिन्। त्यो पनि एक यहाँको एउटा दैनिक पत्रिकामा आफ्नै लेखमार्फत।

'तर पर्दा पछाडिको जीवन उज्यालो भने थिएन' उनी स्वीकार गर्छिन्। मानसिक अवस्था अत्यन्त अस्तव्यस्त थियो। नजिकका मानिसहरूले समेत मानसिक स्वास्थ्यबारे प्रश्न उठाएका थिए। तैपनि करिब एक दशकसम्म उनले संसारभर यात्रा गरिन्। राम्रो पारिश्रमिक पाइन्। अस्ट्रेलियाकी सबैभन्दा चर्चित 'एस्कर्ट'को रूपमा चिनिइन्।

दक्षिण-पश्चिम लन्डनको स्थिर परिवारमा हुर्किएकी उनी भन्छिन्, 'आफ्ना अभिभावकबाट सम्बन्धको राम्रो उदाहरण देखे पनि आफूले कुनै सम्बन्ध सफल बनाउन सकेको अनुभव भएन।' यस पेसाले उनलाई 'पुरुषलाई आकर्षित गर्ने कुनै जादुई शक्ति आफूमा छ' भन्ने भ्रम दिलायो।

» बाँकी पृष्ठ ६

11th अन्नपूर्ण Ride for LIFE 2026
SCAN AND REGISTER